# राजदेवी नगरपालिका
# Rajdevi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

राजदेवी, रौतहट
Rajdevi, Rautahat

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या :- २०८३/०८४

मितिः- २०८३।०६।०८

ने.सं.११४६ ञलाथ्व, १३ विहिवार

**आन्तरिक आय माछा र डुंगा ठेक्का सम्बन्धी पुनः (तेश्रो पटक) शिलबन्दी वोलपत्र आह्वान सम्बन्धी सूचना ।**

यस कार्यालयबाट आर्थिक वर्ष २०८३।०८४ कोलागी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ वमोजिम निम्न अनुसारको आन्तरीक आय माछा ठेक्का र डुंगा चलाउने ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरूको अधिनमा रही नेपाली नागरिकताको प्रतिलिपी सहित इच्छुक फर्म वा न्यक्तिहरुले यस नगरपालिकाको कार्यालयबाट निर्धारित समयावधि भित्र तपशिल अनुसार वोलपत्र दस्तुर नेपाल बैंक लिमिटेड राजदेवी शाखाको आन्तरिक राजश्व खाता नं. २६२०३०००००१००१००००००१ मा जम्मा गरेको बैंक भौचर पेश गरि वोलपत्र फारम खरिद गरी शर्त तथा बन्देजको अधिनमा रही रीतपूर्वकको गोप्य शिलवन्दी वोलपत्र पेश गर्न सम्वन्धित सवैको जानकारीको लागी यो सर्वजनिक सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नम्वर | ठेक्का विवरण | न्युन्तम कबोल अंक( मु.अ.कर वाहेक) | वोलपत्र फारम दस्तुर रू | धरौटी रकम रू. |
|---|---|---|---|---|
| २ | वागमती नदीको पासवानटोलको हनुमान मंदिर नजिक रहेको स्पर देखि अर्जित राउतको जग्गा हुदै वडहर्वा प्रवेश द्धार नजिक दक्षिण रहेको ८ नं. स्पर सम्मको माछा ठेक्का । | ५,३०,०००।० | १०००।- | कबोल अंकको ५% |
| ३ | गढहिया डुंगा घाट (वहुवार्षिक) ३ वर्षको लागि | ७,००,०००।० | १०००।- | कबोल अंकको ५% |

**शर्त तथा बन्देज :**

१. माछा ठेक्का अवधि २०८३ सम्झौता मिति देखी लागु भई २०८४ अषाढ मसान्त सम्म र डुंगा घाट चलाउने ठेक्का अवधि २०८६ अषाढ सम्म (३ वर्ष) को लागि मात्र हुनेछ ।

२. ठेक्काको लागी वोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले मिति २०८३।०६।०८ गते देखि मिति २०८३।०६।१४ गते सम्म राजदेवी न.पा.बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्र मिति २०८३।०६।१५ गते दिनको १२:०० वजे सम्म राजदेवी न.पा.को कार्यालय राजदेवी रौतहटमा शिलवन्दी दर्ता गर्न सकिने छ ।

Scanned with CamScanner

३. दरभाउ पत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिने छ ।

४. विभिन्न ठेक्काहरूको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई अलग अलग रूपमा छुटा छुटै फाराममा छुटा छुटै खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ ।

५. शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

६. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा राजदेवी स्थित २६२०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. दर्ता भएका शिलवन्दी बोलपत्र सोही दिन दिनको १:०० (एक) वजे यस कार्यालयमा सम्वन्धित कार्यालयका प्रतिनिधीहरू र बोलपत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. बोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकको कम्तीमा २०८४ असाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्ने छ । बोलपत्र दाताले कबोल गरेको सम्पुर्ण रकम लिई बुझाउन आई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वंयमले व्यहोर्नु पर्नेछ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ ।

१२. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार विच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तव्य हुनेछ ।

१३. यसमा उल्लेखीत शर्तहरू यसै बमोजीम उल्लेखित नभएको व्यहोराको हकमा सार्वजनिक खरिद नियमावली अनुसार का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत